Mahottari Rural Municipality
Office of the Rural Municipal Executive
Mahottari District
Madhesh Province, Mahottari

Invitation for Bids

First Date of publication: 2083/06/08

1. Mahottari Rural Municipality, Office of the Rural Municipal Executive, Mahottari invites bids (Hard Copy) from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows.

S. N.	Contract ID No.	Project Name	Estimated Amount(Nrs) with Vat and PS.	BidSecurity (Nrs)/Validity Period	Bid Document Price Nrs
1	MAHOTTARI/ GAU/NCB-01/083/84	Ward no. 1 Brahamsthan ma Samudayik Bhavan Nirman	97,35,828.61	2,50,000.00/ 120days	3000
2	MAHOTTARI/ GAU/NCB-02/083/84	Mahottari Gaupalika ko kendra dekhi Bhivin ward karyalay Jodne sadak Hundai jaleshwor Sadarmukam Jane sadak Nirman	1,92,95,608.39	4,90,000.00/ 120days	3000
3	MAHOTTARI/ GAU/NCB-03/083/84	Ward no. 2 ra 3 madai ra Anaitha Jodne Mukhya sadak ko Naharma pakki nala Nirman tatha Sadak bybastapan	48,69,313.28	1,25,000.00/ 120days	3000
4	MAHOTTARI/ GAU/NCB-04/083/84	Ward no. 4 Ratwara ko Adhuro Laxmi Narayan ko Dharamshala Nirman	38,93,469.40	1,00,000.00/ 120days	3000
5	MAHOTTARI/ GAU/NCB-05/083/84	Ward no.5 ma Aayurved Aspathal bhavan Nirman	48,69,987.82	1,25,000.00/ 120days	3000
6	MAHOTTARI/ GAU/NCB-06/083/84	Ward no.3 Madai Bazaar Nirman Tatha Bybastaapan	97,17,811.10	2,50,000.00/ 120days	3000

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mahottari Rural Municipality,Office of the Rural Municipal Executive, Mahottari Technical Department .
3. A complete set of Bidding Documents may be purchased from the Mahottari Rural Municipality,Office of the rural Municipal Executive, Mahottari by eligible Bidders on the submission of a written application along with the Certified copy of company/firm registration certificate, VAT Reg. Certificate ,Tax Clearance Certificate 2081/82 or Extension letter,business renewal copy upon Payment of non refundable bid documents fee till 2083-06-28

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank : NMB Bank Name of Office : Mahottari Rural Municipality
   Office Account no. : Antarik Rajaswa Khata /1150071910000036
   Dharauti khata/1150071910000108
4. Sealed bids must be submitted to the Mahottari Rural Municipality,Office of the rural Municipal Executive, Mahottari by hand before 12:00 noon on 2083-06-29. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2083-06-29 at the Mahottari Rural Municipality,
6. The employer reserves the right to accept or reject , wholly or partially any or all the Bids without assigning reason whatsoever.

Chief Adminstrative Officer

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

देशभर अति भारी वर्षाको जोखिम

नितु घले | काठमाडौं

नेपालका धेरैजसो भूभागमा बिहीवार र शुक्रबार रात्रि मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि अति भारी वर्षा हुने पूर्वानुमान गरिएको छ।

जल तथा मौसम विज्ञान विभागले विभिन्न प्रदेशमा बाढी, पहिरो र डुबानको उच्च जोखिम रहेको औल्याएपछि प्रधानमन्त्री बालेन्द्र शाह, मौसमविद् तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सम्पूर्ण नागरिकलाई उच्च सतर्कता अपनाउन र आवश्यकबाहेक यात्रा नगर्न अनुरोध गरेका छन्।

जल तथा मौसम विज्ञान विभागका अनुसार बिहीवार कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको छ। शुक्रबार रात्रि विशेषगरी लुम्बिनी र गण्डकी प्रदेशका केही ठाउँमा मुसलधारे (अति भारी) वर्षा हुनेछ भने मधेस, बागमती, गण्डकी र लुम्बिनीका तराई भूभागमा हावाहुरीको समेत जोखिम छ। देशका अन्य भागमा मध्यम वर्षा र हिमाली क्षेत्रमा हिमपातको अनुमान गरिएको छ।

विभूषण विश्वविद्यालय जल तथा मौसम विज्ञान केन्द्रीय विभागका सहप्राध्यापक विनोद पोखरेलले ६ घण्टा मौसम पोइलको तथ्यांक उद्धृत गर्दै भने, 'सबैभन्दा धेरै वर्षा बागमती प्रदेशदेखि लुम्बिनी प्रदेशसम्म हुने देखिएको छ। पाल्पा, कास्की, पर्वत, अर्घाखाँची, स्याङ्जा, नवलपरासी पूर्वनवलपरासी पश्चिम, लमजुङ, कपिलवस्तु र मनाङमा २५० मिलिमिटरभन्दा बढी वर्षा हुने देखिन्छ। त्यसबाहेक मुलुकभर नै १०० मिलिमिटरभन्दा बढी वर्षा हुने आकलन छ।'

सम्भावित जोखिमलाई ध्यानमा राख्दै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सम्बद्ध मन्त्रालय, सुरक्षा निकाय र अन्य सहयोगी संस्थाहरूसँग छलफल गरी पूर्वतयारी तीव्र बनाएको छ। देशैभरका प्रमुख जिल्ला अधिकारीहरू र गाउँपालिकाका विपद् पोकेट पर्सनहरूसँग समन्वय गरी स्थानीय आवश्यकता र उपकरणको अवस्थाबारे जानकारी लिइएको छ।

प्राधिकरणका भूपर्यवेक्षण तथा सहप्रवक्ता डा. प्रकाश पोखरेलले भने, 'बस्ती सडक खनेको, पानीको निकास नभएको ठाउँ, ढाडा खोल्सा र चट्टानविनाको माटोमाथि भएको क्षेत्रमा पहिरो जाने धेरै सम्भावना हुन्छ। मनसुनको कारण पहिले नै जमिन कमजोर भएको अवस्थामा पुनः भारी वर्षा हुँदा थप जोखिम निम्त्याउँछ। त्यसैले आवश्यक सरसामग्री र उद्धारका उपकरण तयारी अवस्थामा राख्न तथा अवलड्ढ हुनसक्ने सडकमा सक्दोवर खटाउन निर्देशन दिइएको छ।'

प्रधानमन्त्रीको अपिल: 'जोखिमयुक्त क्षेत्मा यात्रा नगर्नू'

जल तथा मौसम विज्ञान विभागको चेतावनीपछि प्रधानमन्त्री बालेन्द्र शाहले विपद् घट हुनसक्ने जनधनको क्षति न्यूनीकरणका लागि सम्पूर्ण नागरिकलाई सुरक्षित रहन अपिल गरे।

नागरिकलाई सावधानी अपनाउन आग्रह गर्दै प्रधानमन्त्री शाहले भने, 'सम्भावित वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव, डुबान तथा सडक र हवाई यातायातमा समेत असरीय हुन सक्ने भएकाले सम्पूर्ण नागरिकलाई आवश्यक सावधानी अपनाउन अनुरोध गर्दछौं। मौसम विज्ञान विभाग तथा स्थानीय प्रशासनबाट जारी हुने सूचनाहरू नियमित रूपमा हेर्न र आवश्यक अवस्थामा सम्बन्धित निकायको निर्देशन पालना गर्नुपर्दछ।'

उड्डान, पर्यटनदेखि रेल यातायात कट्टाइ

वर्षा र खराब मौसमका कारण हवाई तथा सडक यातायात प्रभावित हुने भएकाले यात्रुसेवा सञ्चालन संघले पूर्ण सुरक्षाको प्रत्याभूति गरेर मात्रै उड्डान भर्ने यात्रुसेवा कम्पनीहरूलाई आग्रह गरेको छ। साथै, विपद्को समयमा उद्धारका लागि हेलिकप्टरहरूलाई तयारी अवस्थामा राख्न निर्देशन दिइएको छ।

त्यसैगरी हिमाली क्षेत्रमा हिमपातको सम्भावना रहेकाले पर्वतारोहणका कार्यक्रम र ट्रेकिङ तत्कालका लागि स्थगित वा पुनर्तिर्धारण गर्न जल तथा मौसम विज्ञान विभागले सुझाएको छ। पानी पर्नेरहेको समयमा तथा रातिको समयमा राजमार्गमा यात्रा नगर्न र बाढी-पहिरोको जोखिम भएका नदी तथा खोला-नजिकका क्षेत्रमा विशेष सतर्कता अपनाउन सरकारले आह्वान गरेको छ।

लोक सेवाको नतिजा प्रकाशनमा ढिलाइ नगर्नू : सर्वोच्च

सागर घले | काठमाडौं

लोकसेवा आयोगद्वारा प्रशासन सेवा सामान्य प्रशासन समूहअन्तर्गत राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) का विज्ञापित पदहरूको अन्तिम नतिजा प्रकाशन गर्न सर्वोच्च अदालतले आन्तरीम आदेश जारी गरेको छ।

न्यायाधीश सुनीलकुमार पोखरेलको एकल इजलासले मनबहादुर थापासमेतले लोकसेवा आयोग केन्द्रीय कार्यालय कमलपोखरी काठमाडौंविरुद्ध दायर गरेको उत्प्रेषणसहितको रिट निवेदनमा बुधबार अदालतले यस्तो आदेश जारी गरेको हो।

अदालतले विज्ञापन नं १९६७ (खुला), १९६८ (महिला), १९६९ (आदिवासी जनजाति), १९७० (मधेसी) र १९७१ (अपाङ) अन्तर्गतका विज्ञापित पदहरूको हकमा माथ अन्तिम नतिजा प्रकाशन नगर्नू भनी



अदालतले आदेश दिएको छ। रिट निवेदनमा उल्लेख भएका अन्य समूहका विज्ञापनसँगै सम्बन्धित परीक्षा प्रक्रिया पुरा भइसकेकामा भने सोको अन्तिम नतिजा प्रकाशन गर्न बाधा नपुऱ्याउने अदालतले स्पष्ट पारेको छ।

निवेदकका तर्फबाट अधिवक्ता मुकुन्द अधिकारीले बहस गरेका थिए। सम्बन्धित विज्ञापित पदहरूको लिखित परीक्षाको परीक्षाफल प्रकाशन भई त्यसपछि इन बास्केट एक्सरसाइज र अन्तर्वार्तामा निवेदकहरूसमेत सहभागी भई परीक्षाको सम्पूर्ण प्रक्रिया पुरा भइसकेको अवस्थामा यथाशीघ्र परीक्षाफल प्रकाशन हुनुपर्ने आफ्नो रहको वैधानिक अपेक्षा रहेको निवेदकहरूको दाबी रहेको थियो।

लोक सेवा आयोग ऐन, २०७९ को दफा २९(१) बमोजिम पदपूर्तिका लागि उम्मेदवारहरूको छनोटसम्बन्धी परीक्षाको सम्पूर्ण प्रक्रिया पुरा भाएपछि अन्तिम नतिजा प्रकाशन गर्नुपर्ने र लोकसेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७९ को दफा ६५ बमोजिम यस्तो व्यवस्था रहेको इजलासले औल्याएको छ।

रिट निवेदकहरूसँग सम्बन्धित विज्ञापनका परीक्षाका सम्पूर्ण प्रक्रिया पुरा भइसकेको देखिँदा अन्तिम नतिजा प्रकाशन विनाकारण ढिलाइ नगर्न विपक्षी लोकसेवा आयोगका नाममा सर्वोच्च अदालत विधायाली, २०७४ को नियम ४९ (२) का बमोजिम अन्तरिम आदेश जारी गरेको छ।



कार्यवाहक प्रधानमन्त्री स्वर्णिम वाग्ले बुधबार मौसम पूर्वानुमानबारे जानकारी लिँदै। ● अर्थ मन्त्रालय

बाढीमा भेटिएका लकरको धनी खोजिँदै

देवचन्द्र भट्ट | पुवाकोट

लेन्दे खोलाबाट भेटिकोशी हुँदै त्रिशूलै नदीमा आएको प्रलयकारी बाढीले बगाएर नुवाकोटमा त्याएका विभिन्न 'लकर' तथा दराजका धनीको खोजी कार्य सुरु गरिएको छ। प्रहरीले दुई थान लकरको फोटो सार्वजनिक गर्दै त्यसका वास्तविक धनीको खोजी सुरु गरेको हो।

बाढीको पहेरो हटाउने क्रममा नुवाकोटका विभिन्न स्थानबाट हालसम्म दुई थान लकर र एक थान लकरसहितको दराज फेला परेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको



छ। प्रहरीका अनुसार बिदुर नगरपालिका-१ दुरे, बिदुर नपा-३ दुर्घटीघाट र सोही वडाको छहेखोला दोभानमा ती सम्पत्ति फेला परेका हुन्।

लकर तथा दराज कसको स्वामित्वमा रहेको हो ? भन्ने पहिचान हुन नसकेपछि नुवाकोट प्रहरीले सम्बन्धित व्यक्ति वा संस्थालाई आवश्यक प्रमाणसहित प्रहरी कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ। जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख तथा प्रहरी उपरीक्षक विपिन रेग्मीका अनुसार फेला परेका लकरको आकार बैंक तथा वित्तीय संस्था वा दुरुस्त व्यावसायिक प्रतिष्ठानमा प्रयोग हुने किसिमको देखिएको छ।

नुवाकोटसँगै जोडिएको रसुवाको गोसाईकुण्ड गाउँपालिका-५ स्याङ्ग्रेबेंसीमा एक थान लकर फेला परेको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ।

प्रहरी निरीक्षक डिल्लीराज खपाकोटका अनुसार उक्त लकर दावी गर्न हालसम्म कोही पनि सम्पर्कमा नआएकाले दावीसहित सम्पर्क गर्न आग्रह गरिएको छ। बाढीका कारण नगद, कागजात, लकर, दराज वा अन्य सम्पत्ति हराएका व्यक्ति तथा संस्थालाई नजिकको प्रहरी कार्यालयमा निवेदन दिनसमेत प्रहरीले अनुरोध गरेको छ।

CONGRATULATIONS !
10 Years of Excellence
नेपाल इन्स्योरेन्स
SATA ENGINEERING ASSOCIATES Pvt. Ltd.
(S.C. Saakha)
C-Mech
Consultancy Pvt. Ltd.
www.cmech.com.np
Lalit K.C.
Insurance Surveyor
Bodhkhel, Godawari Municipality
Ward No: 4, Lalitpur
Tel: 5226118, Mobile: 9851050585
E-mail: lalit31@yahoo.com
GUHESWARI ROLLING MILLS PVT. LTD.
STMS Pvt. Ltd.
Er. Ramesh Chandra Jha, CEO
Bagdole, Lalitpur
Tel: 5190260, 5190292
Mobile: 9851078425
Er. Janardan Adhikari
Dikshya Engineering
Solution Pvt. Ltd.
Tek: 5590378
Nakkhu, Lalitpur
ER. ARVIND THAKUR
TECHNICAL AUDITOR
ELA CONSULTANT & COMMERCIAL CLAIMS (NEPAL)
ROBIN ENGINEERING PVT. LTD.
ER. SANJAY K. YADAV
MAITIDEVI, KATHMANDU
MOB: 9851110750
Aditi Engineering Pvt. Ltd.
Er. Rakesh Jha
Insurance Surveyor
Loss Assessor, Valuator
Battisputali, Kathmandu
Mob: 9841499761

गुटेरेसले...

कतिपयले यसलाई खतराहरूबारे बढाइचढाइ गरिएको भनेर खारेज गरे। तर, अहिलेका दुःखद पटना नेपालकोले के देखाएको छ भने धेरैले सोचेभन्दा चाँडै यसका कडा प्रहारहरू देखिइरहेका छन्। तौ अब थाहाक रूपमा पैलिरहेका छन्।'

प्रधानमन्त्री शाह नेपालको पक्षिरहो विषद् र जलवायु न्यायको मुद्दा लिएर महासभामा सम्बोधन गर्न न्यूयोर्क उड्नुअघि नै गुटेरेसले नेपालको मुद्दा उठाएका छन्।

गुटेरेसले नेपाललाई केवल हिमाली मुलुकका रूपमा उल्लेख गरेका छैनन्। उनले नेपालको हिमालमा देखिएको परिवर्तनलाई विश्वव्यापी जलवायु संकटको गम्भीर संकेतका रूपमा प्रस्तुत गरेका छन्। उनका अनुसार जलवायु परिवर्तनका प्रभावहरू अनुमान गरिएभन्दा छिटो आइरहेका, अझ गम्भीर बन्दै गएका र यस क्षेत्रमा पैलिरहेका छन्। यसले नेपालजस्ता जलवायु जोखिममा रहेका मुलुकले लामो समयदेखि उठाउँदै आएको प्रश्नलाई अन्तर्राष्ट्रिय बहसमाझ जोडेको हो।

नेपालमा पछिल्लो समय देखिएको विषद् यही बहसको तत्कालीन पृष्ठभूमि बनेको हो। भरी १० गतेको भोटेकोशी जलप्रलयले नेपालमा जनधन तथा पूर्वाधारमा ठूलो क्षति भएको छ। विश्लेषकहरूले पाँच दीर्घकालीन तात्पक्रम वृद्धि, हिमनदी पातलिँदै जानु र उच्च हिमाली क्षेत्रमा जमिन अस्थिर बन्नुलाई जोखिम बढाउने कारकका रूपमा औल्याएका छन्।

'प्रदूषकले मूल्य तिर्नुपर्छ'

गुटेरेसले नेपालकोशिमलको प्रसंगलाई जलवायु न्यायसँग पनि जोडेका छन्। उनले सबैभन्दा बढी प्रदूषण गर्ने र त्यसबाट सबैभन्दा बढी लाभ लिने पक्षले जलवायु क्षतिको पुनर्स्थापना तथा समाधानमा बढी योगदान गर्नुपर्ने धारणा राखेँ 'प्रदूषकले मूल्य तिर्नुपर्छ' भनेका छन्। जलवायु परिवर्तनको मूल्य प्रदूषकहरूले तिर्नुपर्छ, उसको असर परेका कमजोर देशहरूले न्याय पाउनुपर्छ, जलवायु न्याय हुनेपर्छ, धनी देशहरूले पी तिर्नैपर्छ।' महासभाका महासचिव गुटेरेसको सम्बोधनमा भनिएको छ। उनले विकसित देशहरूले आफ्नो प्रतिबद्धता पुरा गर्नुपर्ने, अनुकूलन वित्त तीन गुणा बढाउनुपर्ने तथा हानि तथा क्षति कोषलाई पर्याप्त स्रोतसहित प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका छन्। उनका थ्रोत आत्यन्त स्पष्ट रहेको उनको टिप्पणी थियो। उनले भनेका छन्, 'जलवायु परिवर्तनको गोरिम्म आँहले वास्तविक मार आएको र त्यो संसारले देखेको छ। जलवायु परिवर्तनको मूल्य कमजोर देशहरूले तिर्नु परिरहेको छ। तर, उनीहरूले न्याय पाएका छैनन्।'

जलवायु वित्तका विषयमा उनले धपेका छन्, 'उनीहरूले अनुकूलन विशालाई तीव्रर बनाउनुपर्छ र हानिनोक्सानी कोषलाई व्यापक रूपमा काम गर्ने बनाउनुपर्छ। यहाँ एउटा पुरानोले अर्को पुरानाको भविष्य उपयोग गरिरहेको छ, एउटा समूहले नाफा कमाइरहेको छ। जलवायु परिवर्तनमा कम जिम्मेवारहरूले सबैभन्दा पहिले र सबैभन्दा खराब समस्या सामान गरिरहेका छन्। तसले सबैभन्दा सो प्रदूषण गरे, सबैभन्दा धेरै नाफा कमाए, उनीहरूले क्षतिको भरपाई गर्नैपर्छ, प्रदूषकहरूले मूल्य चुकाउनै पर्छ।' महासभालाई सम्बोधन गर्दै महासचिव गुटेरेसले अन्तर्राष्ट्रिय नियमहरू कमजोर बन्दै गएको चेतावनी पनि दिँदै भनेका छन्, विश्वव्यापी पूटका रेखाहरू पजाँकिएको हुँदै गएका छन् र साना फौजहरू सहित खाइलामा परिणत भाका छन्।'

नेपालको अन्तर्राष्ट्रियकरण गर्न प्रधानमन्त्रीलाई चाहत

गुटेरेसले नेपालकै हिमालबाट शुरु भएको आफ्नो पुरानो चेतावनीलाई महासभाको विश्वव्यापी बहसमा पुनः स्थापित गरेका छन्। बिहीवार प्रधानमन्त्री शाहले नेपालको तर्फबाट महासभालाई सम्बोधन गर्दै छन्। प्रधानमन्त्री शाहको सम्बोधनका लागि एउटा स्पष्ट अन्तर्राष्ट्रिय पृष्ठभूमि तयार भएको छ। नेपालकै हिमाल अब नेपालको मात्र विषय रहेन, त्यो जलवायु संकटको विश्वव्यापी मूयकका रूपमा संयुक्त राष्ट्रसंघको उच्चस्तरीय बहसमा प्रवेश गरिसकेको छ। अब नेपालको धुनीती भनेको अन्तर्राष्ट्रिय ध्यानलाई नैतिक समर्थनमा मात्र सीमित नराखी ठोस जलवायु वित्त, हानि तथा क्षति कोषबाट पहुँच, अनुकूलन सहयोग, प्रविधि हस्तान्तरण र जोखिमयुक्त पूर्वाधारको पुनर्निर्माणमा अन्तर्राष्ट्रिय प्रतिबद्धतामा रूपान्तरण गर्नु हुनेछ। प्रधानमन्त्री शाहले विहीवार गर्ने सम्बोधन त्यसैकरण नेपालको निर्धमित कूटनैतिक सम्बोधनभन्दा बढी अर्थपूर्ण बनेको छ।

पररराष्ट्रमन्त्रीको साइडलाइन कूटनीति

प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभाका सम्बोधन गर्नुअघि पररराष्ट्रमन्त्री शिशिर खनालले न्युयोर्कमा साइडलाइन कूटनीतिमार्फत नेपालको एजेन्डा फराकिलो बनाएका छन्। जलवायु संकट र जलवायु न्यायसँगै बाढीपछिको राहत, पुनःस्थापना तथा पुनर्निर्माण, विकास सहकार्य, लगानी, ऊर्जा र बहुआयामी सुधार उनका भेटवार्ताका प्रमुख विषय बनेका छन्।

खनालले भारतका विदेशमन्त्री एस. जयशंकरसँग भेटेर भोटेकोशी बाढीपछि भारतले गरेको तत्कालीन सहयोगप्रति धन्यवाद दिँदै द्विपक्षीय सम्बन्ध र विकास सहकार्य थप सुदृढ गर्ने विषय उठाए।

अमेरिकी राजनीतिक मामिला उपविदेशमन्त्री एलिस्सन हकरसँगको भेटमा नेपाल अमेरिका सम्बन्धलगी भोटेकोशी बाढी प्रभावित क्षेत्रमा पुनःस्थापना र पुनर्निर्माण तथा अमेरिकी निरन्तर सहयोगबारे छलफल गरेकोथिए।

उपविदेशमन्त्री हकरले थप सहयोगको घोषणा गर्दै अमेरिकाले भोटेकोशी बाढीबाट प्रभावित नेपालका क्षेत्रमा पुनर्लाभ तथा पुनर्स्थापनाका लागि थप ३ करोड ९० लाख अमेरिकी डलर सहयोग गर्ने भएको छ। अमेरिको विदेश मन्त्रालयका अनुसार नयाँ सहयोगसँगै नेपालमा बाढी प्रतिकार्य तथा पुनर्लाभका लागि अमेरिकाको कुल सहयोग ३ करोड ६० लाख अमेरिकी डलरभन्दा बढी पुग्नेछ। भेटवार्ताका क्रममा उपविदेशमन्त्री हकरले नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित स्वीडेन अमेरिकाको सहानुभूति व्यक्त गर्दै बाढीपछि सम्पर्कविहीन रहेका करिब ७० जना अमेरिकी नागरिकका परिवारप्रति समेत समवेदना व्यक्त गरिन्।

अमेरिकाले बाढीबाट क्षतिग्रस्त बलायत पूर्वाधार पुनर्स्थापनाका लागि स्थायी तथा आवश्यकताअनुसार निर्माण गरिने पुलका लागि १ करोड अमेरिकी डलर उपलब्ध गराउने बताएको छ। अमेरिकी विदेश मन्त्रालयका अनुसार तो पुल अमेरिकी कम्पनीबाट खरिद गरिनेछन्। पुल निर्माणले प्रभावित क्षेत्रमा बलायत पूर्वाधार पुनर्स्थापना गर्नुका साथै क्षेत्रीय कनेक्टिभिटी सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। बाढी प्रभावित समुदायका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता, आ श्रय, सुरक्षा, जीविकोपार्जन र जाडोयाममा आवश्यक सहयोगका लागि थप ८० लाख अमेरिकी डलर उपलब्ध गराउने योजना पनि अघि सारेको छ। तो ट्रेन भविष्यमा विपद् व्यवस्थापन तथा पुनर्लाभका कामका प्रयोग गरिने अमेरिको विदेश मन्त्रालयले जनाएको छ। अमेरिकाले बाढीबाट बढी प्रभावित तथा थप सहयोग आवश्यक रहेकाक्षेत्र पहिचान गरी त्यहाँ सहायता पुऱ्याउन नेपाल सरकारसँग निरन्तर सहकार्य गर्ने जनाएको छ।

यूरोपेली आयोगको कार्यकारी उपाध्यक्ष टेरेस रिबेराशँगै खनालले नेपाल यूरोपेली सँघ सम्बन्धलाईलाई अझै बढाउने चाहो प्रभावित क्षेत्रमा पुनःस्थापना र पुनर्निर्माणमा सहयोगका विषय उठाए। जापानका विदेशमन्त्री तेशिमित्सु मोतेगीसँगको भेटमा जापानले आपत्कालीन धरणदेखि मध्यम तथा दीर्घकालीन पुनःप्रतिरूपम्य सहयोग जारी राखेने उल्लेख गरे। जापानले ३० लाख अमेरिकी डलरको आपत्कालीन अनुदान, राहत सामग्री, डीएना परीक्षण उपकरण तथा विज्ञ टोली उपलब्ध गराउने जनाएको छ।

लोपोकेदार्जीन नरोकरणेय ऊर्जा, जलविद्युत, पर्यटन, प्रविधि तथा सेवा क्षेत्रका साथै पूर्वसूचना प्रणाली र सशस्त्र सुरक्षा सहकार्यबारे छलफल गरेका छन्। मार्गिन्मासँगको भेटमा जलवायु परिवर्तन, विकास वित्त, विगो विकास तथा पर्यटन, रोजगारी र शिक्षामा सहकार्यका विषय उठे। भूटानसँग भने दुवै हिमाली मुलुकले बढ्दो जलवायुजन्य विपद् बीच जलवायु सहकार्य बलियो बनाउनुपर्नेमा सहमति बनेको छ। पररराष्ट्रमन्त्री खनालले अमेरिकी चेम्बर अफ कमर्सका अधिकारीसँग नेपालमा अमेरिकी लगानीका अवसर, आर्थिक सम्बन्ध र व्यावसायिक साझेदारी विस्तारबारे छलफल गरेका छन्। ऐनाहासँग कूटनीतिक सम्बन्ध स्थापना गर्दै नेपालले जलवायु परिवर्तन, विगो विकास लक्ष्य, पर्यटन र शिक्षामा सहकार्य अघि बढाउने आधार पनि बनाएको छ।

Mahottari Rural Municipality
Office of the Rural Municipal Executive
Mahottari District
Madhesh Province , Mahottari

Invitation for Bids

First Date of publication: 2083/06/08

1. Mahottari Rural Municipality, Office of the Rural Municipal Executive, Mahottari invites bids (Hard Copy) from eligible bidder for the procurement of the following works under national competitive bidding procedures. The name and identification of the contracts are as follows.

S. N.	Contract ID No.	Project Name	Estimated Amount(Nrs) with Vat and PS.	BidSecurity (Nrs)/Validity Period	Bid Document Price Nrs
1	MAHOTTARI/ GAU/NCB-01/083/84	Ward no. 1 Brahamsthan ma Samudayik Bhavan Nirman	97,35,828.61	2,50,000.00/ 120days	3000
2	MAHOTTARI/ GAU/NCB-02/083/84	Mahottari Gaupalika ko kendra dekhi Bhivin ward karyalay Jodne sadak Hundai jaleshwor Sadarmukam Jane sadak Nirman	1,92,95,608.39	4,90,000.00/ 120days	3000
3	MAHOTTARI/ GAU/NCB-03/083/84	Ward no. 2 ra 3 madai ra Anaitha Jodne Mukhya sadak ko Naharma pakki nala Nirman tatha Sadak bybastapan	48,69,313.28	1,25,000.00/ 120days	3000
4	MAHOTTARI/ GAU/NCB-04/083/84	Ward no. 4 Ratwara ko Adhuro Laxmi Narayan ko Dharamshala Nirman	38,93,469.40	1,00,000.00/ 120days	3000
5	MAHOTTARI/ GAU/NCB-05/083/84	Ward no.5 ma Aayurved Aspathal bhavan Nirman	48,69,987.82	1,25,000.00/ 120days	3000
6	MAHOTTARI/ GAU/NCB-06/083/84	Ward no.3 Madai Bazaar Nirman Tatha Bybastaapan	97,17,811.10	2,50,000.00/ 120days	3000

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Mahottari Rural Municipality,Office of the Rural Municipal Executive, Mahottari Technical Department .
3. A complete set of Bidding Documents may be purchased from the Mahottari Rural Municipality,Office of the rural Municipal Executive, Mahottari by eligible Bidders on the submission of a written application along with the Certified copy of company/firm registration certificate, VAT Reg. Certificate ,Tax Clearance Certificate 2081/82 or Extension letter,business renewal copy upon Payment of non refundable bid documents fee till 2083-06-28
Information to deposit the cost of bidding document in Bank:
Name of the Bank : NMB Bank Name of Office : Mahottari Rural Municipality
Office Account no. : Antarik Rajaswa Khata /11500719100000036
Dharauti khata/11500719100000108
4. Sealed bids must be submitted to the Mahottari Rural Municipality,Office of the rural Municipal Executive, Mahottari by hand before 12:00 noon on 2083-06-29. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2083-06-29 at the Mahottari Rural Municipality,
6. The employer reserves the right to accept or reject , wholly or partially any or all the Bids without assigning reason whatsoever.

Chief Adminstrative Officer